# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या: २०८३-८४

चलानी नम्बर :

**पालुङ्टार, गोरखा**

**गण्डकी प्रदेश, नेपाल**

मिति : २०८३-००६-१६

ने.स. ११४६

पालुङटार नगरपालिका, गोरखाको ऐतिहासिक तथा पहिचानसँग जोडिएको १२औं लिगलिग दौड आगामी असोज २९ गते गर्ने निर्णय सँगै नगरपालिकामा क्रियाशील सम्पूर्ण राजनीतिक दलका प्रतिनिधि, सरोकारवाला तथा सम्बन्धित पक्षहरूको सहभागितामा रचनात्मक सुझाव सल्लाह सहित सघन छलफल कार्यक्रम सम्पन्न गरिएको छ । छलफलबाट लिगलिग दौडको तयारी, व्यवस्थापन तथा समन्वयलाई प्रभावकारी बनाउन ७ सदस्यीय सहजीकरण समिति समेत गठन गरिएको छ । समितिले विभिन्न पक्षबीच आवश्यक समन्वय गर्दै प्रतियोगिताको तयारी, व्यवस्थापन तथा भव्यरुपमा सञ्चालनमा सहजीकरण गर्ने छ ।

चेपे नदी र मर्स्याङ्दी नदीको दोभान (चेपेघाट) बाट सुरु भई लिगलिगकोटको दरबार (समुन्द्री सतहबाट करिब १,४३७ मिटर उचाइ) सम्म **१३.८ किलोमिटर** दुरीमा दौड सञ्चालन गरिनेछ । **पर्यटन प्रवर्द्धन,** पालुङटार र समग्र गोरखा जिल्लालाई साहसिक खेलकुद तथा ऐतिहासिक पदमार्ग (Trail Running/Heritage Trek) को रूपमा विकास गर्ने मुख्य उदेश्य रहेको छ ।

ऐतिहासिक लिगलिगकोटको गौरव, पालुङटारको पहिचान तथा पर्यटन प्रवर्द्धनसँग जोडिएको लिगलिग दौडलाई यस वर्ष सहभागितामूलक रूपमा सम्पन्न गर्न संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकारहरुसँग आवश्यक समन्वय गरिनेछ । दौडलाई थप व्यवस्थित गर्न सम्पुर्ण राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षा निकाय, स्थानीय संघ-संस्था, युवा क्लब, सामाजिक संघ-संस्था, खेलाडी(धावक), निजी क्षेत्र, सञ्चारमाध्यम, सरोकारवाला तथा सम्पूर्ण नगरवासीको सक्रिय सहयोग र सहभागिताकाको अपेक्षा गरिएको छ ।

विवस चिन्तन

नगर प्रमुख

Scanned with CamScanner